तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ११ मितिः २०८२/०८/१७ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## तमानखोला गाउँपालिकाको स्थायी शिक्षक पदस्थापन आधार तथा मार्गदर्शन, २०८२

**प्रस्तावनाः**

तमानखोला गाउँपालिकाभित्र स्थायी नियुक्ति लिई विद्यालय पदस्थापनका लागि आउने शिक्षकहरुको पदस्थापन गर्न सहजता, व्यक्तिको माथिल्लो शैक्षिक योग्यताको कदर गर्दै विद्यालयको विषयगत समस्या समाधान गर्ने हेतुले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तय गरेको शिक्षक पदस्थापनका आधार तथा मार्गदर्शनमा उल्लेखित स्थानीय तहले पदस्थापनका आधार तथा मार्गदर्शनको प्रतिकुल नहुने गरी थप पदस्थापनका आधार तयार गरी पदस्थापनको कार्य कार्यान्वयन गर्न सक्नेछ भन्ने आधार अनुसार तमानखोला गाउँपालिकाले यो **"स्थायी शिक्षक पदस्थापन आधार तथा मार्गदर्शन, २०८२"** बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस मार्गदर्शनको नाम **"स्थायी शिक्षक पदस्थापन आधार तथा मार्गदर्शन, २०८२"** रहेको छ।

२. यो मार्गदर्शन तमानखोला गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि कार्यान्वयन हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) 'केन्द्र' भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्दछ।

ख) 'मार्गदर्शन' भन्नाले **"स्थायी शिक्षक पदस्थापन आधार तथा मार्गदर्शन, २०८२"** सम्झनु पर्दछ।

ग) 'शिक्षा शाखा' भन्नाले तमानखोला गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

घ) 'पदस्थापन हुने शिक्षक' भन्नाले तमानखोला गाउँपालिकाभित्र स्थायी नियुक्ति लिई विद्यालय पदस्थापनका लागि आउने शिक्षकहरु सम्झनु पर्दछ।

३. उद्देश्यः

१. शिक्षकहरुको पदस्थापन गर्न सहजता ल्याउनु,

२. व्यक्तिको माथिल्लो शैक्षिक योग्यताको कदर गर्दै विद्यालयको विषयगत समस्या समाधान गर्नु,

३. पदस्थापन प्रक्रियालाई सरल र सहज बनाउनु,

**४. स्थायी शिक्षक विद्यालय पदस्थापनका आधारहरु;**

१. नियुक्ति लिई विद्यालय पदस्थापनका लागि आउने शिक्षहरुलाई रिक्त दरबन्दीमा पदस्थापन गर्ने,

२. रिक्त दरबन्दी अपुग हुन आएमा अस्थायी करार दरबन्दीमा कार्यरत कनिष्ठ शिक्षक विस्थापित गरी पदस्थापन गर्ने,

३. शिक्षा विकास तथा समन्वय इकाईबाट स्थायी नियुक्ति लिई आएका शिक्षकहरुको सिफारिस योग्यताक्रमलाई ध्यानमा राखेर पदस्थापन गर्ने,

४. विद्यालय पदस्थापन गर्दा अपाङ्गता भएका तथा महिलालाई प्राथमिकतामा राखि पदस्थापन गर्ने साथै गर्भवती तथा २ वर्षभित्रको सुत्केरी महिलालाई प्राथमिकता दिने,

५. कार्यरत शिक्षकलाई सोही विद्यालयको सम्बन्धित तह र श्रेणीमै पदस्थापन गर्ने,

६. माध्यमिक तह (कक्षा ९-१२) र आधारभूत तह (कक्षा १-८) सञ्चालित सामुदायिक विद्यालयहरुमा सम्बन्धित तहको विषय शिक्षक रिक्त भई पठनपाठनमा बाधा परेको भनि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित तहमा योग्यता भएको शिक्षक पदस्थापना गर्न माग भई आएमा योग्यताक्रम र विषयगत प्राथमिकताको आधारमा फरक तहको शिक्षकलाई समेत पदस्थापन गर्न सकिनेछ,

७. उपदफा '५' र '६' पदस्थापन हुन निवेदन दिने शिक्षकले चाहेको खण्डमा मात्रै लागू गर्ने,

**५. नियुक्ति तथा पदस्थापन प्रक्रिया;**

१. शिक्षा विकास तथा समन्वय इकाईबाट योग्यता सूची प्राप्त भएपश्चात कम्तीमा ३ दिनको म्याद राखि शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालय छनोटका लागि रिक्त दरबन्दी संख्या र विद्यालय रोज्ने फाराम तयार गरी प्रकाशन गर्ने,

२. निर्धारित समयभित्र प्राप्त अनुसूचि १ बमोजिमको विद्यालय छनोट फारामलाई दफा ४ बमोजिम शिक्षकको रोजाई क्रम र विद्यालय छनोट परे/नपरेका एकीन गरी विद्यालय छनोट सूची तयार पार्ने,

३. तोकिएको समयभित्र निवेदन नदिने शिक्षकलाई बाँकी रहेका विद्यालयमा पदस्थापन गर्ने व्यवस्था मिलाउने,

४. अनुसूची २ बमोजिमका कागजातहरु शिक्षकले पेस गर्नुपर्ने,

५. यसरी सम्पूर्ण प्रक्रिया सम्पन्न गरिसकेपछि शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट टिप्पणी सदर गरी नियमानूसार पदस्थापन पत्र तयार गरी विद्यालयमा शिक्षक पदस्थापन

गर्ने व्यवस्था मिलाउने,

६. यस मार्गदर्शन बाहेकका प्रावधानहरु (प्रक्रिया) प्रचलित कानून बमोजिम हुने,

**६. बाधा अड्काउ फुकाउ र व्याख्याः**

क) यस मार्गदर्शनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

ख) यस मार्गदर्शनको कुनै दफा तथा उपदफामा द्विविधा उत्पन्न भएमा व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा निहित हुनेछ।

**७. बचाउ र खारेजीः**

१) हालसम्म भएका काम कारवाही यसै बमोजिम भएको मानिनेछ।

२) यो मार्गदर्शनको प्रावधान प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ।

**८. संशोधन**

यस मार्गदर्शन गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

## अनुसूची - १

दफा ५ को उपदफा २ सँग सम्बन्धित

### विद्यालय छनोट निवेदनको नमूना

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
तमानखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ।

**विषयः पदस्थापन सम्बन्धमा।**

महोदय,

शिक्षक सेवा आयोगबाट शिक्षक पदको खुल्ला प्रतियोगितामा सफल भई शिक्षा विकास तथा समन्वय इकाई, बागलुङबाट ........................... तह/.................................. बिषयको स्थायी नियुक्ति लिई यस गाउँपालिकामा पदस्थापनका लागि आएकाले देहायको प्राथमिकताका आधारमा पदस्थापन गरिदिनुहुनका लागि यो निवेदन पेस गरेको बेहोरा अनुरोध गर्दछु।

नाम, थरः लिङ्गः स्थायी ठेगानाः

योग्यताक्रमः सम्पर्क नं. - इमेलः

विद्यालय छनोट क्रम (केरमेट र टिपेक्स प्रयोग नगर्नुहोला)

| क्र.सं. | पदस्थापन हुन चाहेको विद्यालयको नाम र ठेगाना | शैक्षिक योग्यता | अध्ययन गरेको मूख्य विषय | प्राथमिकता क्रम अङ्क र अक्षर दुवैमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

हस्ताक्षरः

| | |
|---|---|
| दायाँ | बाँया |

**अनुसूची - २**

दफा ५ को उपदफा ४ सँग सम्बन्धित

**पदस्थापन हुने शिक्षकले पेस गर्नुपर्ने कागजातः-**

१. न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

३. अपाङ्गता भए सोको प्रमाणपत्रको प्रतिलिपी,

४. स्थायी नियुक्ति पत्रको प्रतिलिपी,

५. पदस्थापनका लागि हस्तलिखित निवेदन,

६. निरोगिताको प्रमाणपत्रको प्रतिलिपी,

७. अनुसूची - १ बमोजिमको ढाँचामा विद्यालय छनोटको निवेदन,

८. अन्य आवश्यक कागजात,

आज्ञाले,

अमित परियार

प्रमुख प्रशासकीय अधिकृत